# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

रंगहरुको पर्वोत्सव फागु (होली) यो वर्ष आज पहाडी तथा हिमाली एवं भोलि भित्री मधेस र तराईका जिल्लाहरुमा मनाइँदैछ । यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदिबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा विविधतायुक्त हाम्रो देशमा मनाइँने यस्ता पर्वले नेपालीहरुबीच सामाजिक सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम राख्न भूमिका निर्वाह गर्दछ । यो पर्व हाम्रो मौलिक विशेषतायुक्त संस्कृति भएकाले यसको संरक्षण तथा सम्बर्द्धन गर्नसके हाम्रो राष्ट्रिय गौरवको धरोहर जर्गेना हुन सक्दछ । फागुलाई आपसी खुशी र सद्भावको पर्वका रुपमा ग्रहण गर्दै अनुशासित ढंगबाट हामीले मनाउँनु पर्दछ ।

अन्त्यमा, यस पर्वको अवसरमा हाम्रो जीवन पनि उत्साहका रंगहरु भर्दै उल्लासमय बन्न सकोस् भन्ने कामना गर्दै पुनः एकपटक शुभकामना व्यक्त गर्दछु ।

२०७९ फागुन २२ गते सोमबार ।

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख